नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
धुन्चे, रसुवा

फोन नं. ०१०-५४०१३१
०१०-५४०१३२(प्र.जि.अ.)
फ्याक्स नं.: ०१०-५४०१३३
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: daorasuwa.moha.gov.np

## जिल्ला प्रशासन कार्यालय, रसुवाको वार्षिक कार्ययोजना, २०७७

आ.व.०७७/७८ (२०७७ श्रावण ०१ देखि २०७८ असार मसान्तसम्म)

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा |
|---|---|---|---|---|
| | जनमैत्री कार्यालय व्यवस्थापन | | | |
| १ | सेवाग्राहीहरूलाई सेवा प्रवाहमा सहजीकरणका लागि सबै सरकारी कार्यालयहरूमा नागरिक सहायता कक्ष (**Help Desk**) स्थापना गरी सञ्चालन गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी निकायहरु | २०७७ श्रावण तेस्रो हप्ताबाट शुरु गरी निरन्त |
| २ | सबै सरकारी कार्यालयहरूमा सेवाग्राहीहरूको लागि **Free Wi-Fi, Television, First Aid Kit,** शुद्ध खानेपानी (तातो/चिसो), **Mobile Charging Station** व्यवस्था गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी निकायहरु | २०७७ श्रावण मसान्तबा शुरु गरी निरन्तर |
| ३ | सबै सरकारी कार्यालयहरूमा अपांगमैत्री कार्यालय व्यवस्थापन (परिसर,र्‍याम्प), स्तनपान कक्ष, लैङ्गिकमैत्री शौचालयको व्यवस्थापन गर्ने। | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी निकायहरु | २०७७ श्रावण मसान्तबा शुरु गरी निरन्तर |
| ४ | रसुवास्थित सबै सरकारी कार्यालयहरूमा सेवाग्राहीमैत्री प्रतिक्षालय कक्षको व्यवस्थापन गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी निकायहरु | २०७७ पहिलो चौमासिव |
| ५ | जिल्ला प्रशासन कार्यालयमा विद्युतीय नागरिक बडापत्र (**Digital Citizen Charter**) व्यवस्था गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी निकायहरु | २०७७ श्रावण मसान्त |
| ६ | जिल्लामा दर्ता स्टेशन स्थापना गरी राष्ट्रिय परिचयपत्रका लागि विवरण संकलन र परिचयपत्र वितरण कार्यक्रमलाई सहज र प्रभावकारी बनाउने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह | २०७७ श्रावण पहिलो हप्तावाट निरन्तर |
| ७ | रसुवास्थित सबै सरकारी, बैंक तथा वित्तिय संस्थाहरूमा आगलागिको सम्भावित जोखिम न्यूनीकरण गर्नका लागि उच्च क्षमताको कम्तीमा १/१ | जिल्ला प्रशासन कार्यालय | सबै सम्बद्ध निकायहरू | २०७७ श्रावण मसान्त |



हरि प्रसाद पन्त
प्रमुख जिल्ला अधिकारी

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा |
| --- | --- | --- | --- | --- |
| | वटा **Fire estinguisher** जडान गर्ने तथा सो सञ्चालनका लागि अभिमुखीकरण गर्ने । | | | |
| ८ | जिल्ला प्रशासन कार्यालयमा कार्यरत कर्मचारीको उपस्थितिका वारेमा सेवाग्राहीहरूलाई जानकारी गराउने उद्देश्यले सबै सेवाग्राहीले देख्ने गरी **कर्मचारी उपस्थिति वोर्ड** व्यवस्था गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी निकायहरु | २०७७ श्रावण मसान्त |
| ९ | कार्यालय परिसरलाई स्वच्छ, सफा र हरियाली युक्त बनाउने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरु | २०७७ भाद्र मसान्त |
| | **सुशासन तथा प्रभावकारी सेवा प्रवाह व्यवस्थापन** | | | |
| १० | रसुवास्थित सबै सरकारी कार्यालयहरूमा सूचना अधिकारीको व्यवस्था गरी **सूचना अधिकारीहरूको लागि छुट्टै मोवाईल नम्वरको** व्यवस्था गर्ने | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | २०७७ श्रावण मसान्त |
| ११ | सबै सरकारी कार्यालयले सूचनाको हक सम्वन्धी ऐनको व्यवस्थाअनुसार कार्यालयका गतिविधिहरूलाई प्रत्येक ३ महिनामा **स्वत: प्रकाशन (Pro active Disclosure)** मार्फत अनिवार्य सार्वजनिक गर्ने र वार्षिक प्रगति विवरण समेत सार्वजनिक गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालय | निरन्तर |
| १२ | सबै सरकारी कार्यालयबाट आफ्नो बार्षिक विकास कार्यक्रमहरू आम नागरिकहरूलाई जानकारी गराउन सरोकारवालाहरुको उपस्थितिमा **सार्वजनिकीकरण** गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालय,स्थानीय तह, राजनीतिक दल, सञ्चार माध्यम | २०७७ भाद्र |
| १३ | सबै विकास आयोजना सञ्चालन गर्ने सरकारी कार्यालयबाट तोकिएको समयमानै विकास आयोजना सम्पन्न गर्नका लागि समयमानै **खरिद/टेण्डर प्रक्रिया सुरु गर्ने,गुणस्तर कायम** गर्ने कार्यमा आवश्यक समन्वय, अनुगमन तथा सुपरीवेक्षण गर्ने । | जिल्ला प्रशासन कार्यालय | राजनीतिक दल, स्थानीय तह, विकास आयोजना सम्पादन गर्ने कार्यालय, सञ्चार माध्यम, निर्माण व्यावसायी, आम नागरिक | २०७७ साउन महिनाबा निरन्तर |
| १४ | सबै सरकारी, कार्यालयहरूले आफ्नो सेवा प्रवाहका सम्वन्धमा जनताको पृष्ठपोषण प्राप्त गर्न **सेवाग्राही सन्तुष्टि सर्वेक्षण** गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | २०७७ मंसीर मसान्तस |
| १५ | रसुवास्थित सबै सरकारी कार्यालयका गतिविधिहरूको नियमित तथा | जिल्ला प्रशासन | सबै सरकारी कार्यालयहरू | निरन्तर |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा |
|---|---|---|---|---|
| | आकस्मिक **अनुगमन तथा सुपरीवेक्षण** गर्ने | कार्यालय | | |
| १६ | जिल्ला प्रशासन कार्यालयका महत्वपूर्ण दस्तावेजहरूको विद्युतीय प्रति तयार गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | निरन्तर |
| १७ | सबै सरकारी कार्यालयहरूले कार्यालयबाट सम्पादन गरिएका गतिविधिहरूलाई **मासिकरूपमा वेभसाईट/सूचनापाटी** मार्फत सार्वजानिक गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | २०७७ श्रावण मसान्त, निरन्तर |
| १८ | रसुवास्थित सबै सरकारी कार्यालयले आफ्नो स्वामित्वमा रहेका **चल अचल सम्पत्ति** (जग्गा, भवन, सवारी साधन) को अभिलेख सुरक्षित राख्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | २०७७ भाद्र मसान्त, निरन्तर |
| १९ | जिल्ला प्रशासन कार्यालयका समग्र गतिविधिहरू समावेश गरी **अर्धवार्षिक र वार्षिक बुलेटिन** प्रकाशन गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | २०७७/७८ को माघ पहिलो हप्ता, श्रावण पहिल हप्ता |
| २० | सबै सरकारी कार्यालयहरूमा उत्कृष्ट कार्यसम्पादन गर्ने कम्तीमा १/१ जना कर्मचारीलाई वार्षिक रुपमा पुरस्कृत गर्ने व्यवस्था मिलाउने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालय | २०७७ भाद्र २२ |
| २१ | उच्च कार्यवोझमा कार्य गर्ने कार्यालयका कर्मचारीहरूलाई **तनाव व्यवस्थापन, मनोसामाजिक परामर्श सम्वन्धी तालिम** लगायत सञ्चालन गर्ने । | जिल्ला प्रशासन कार्यालय | विभिन्न संघसंस्थाहरु | २०७७ मंसीर मसान्त |
| २२ | **मु-आब्जा** वितरण सम्वन्धी विस्तृत अभिलेख तयार गरी वार्षिक रुपमा सार्वजनिक गर्ने । | जिल्ला प्रशासन कार्यालय | मालपोत कार्यालय, स्थानीय तह, विकास आयोजनाहरु | असोज मसान्त, निरन्तर |
| २३ | उपभोक्ता हित प्रर्वद्धन हुनेगरी स्थानीय तहसंगको समन्वयमा वजार अनुगमन योजनाका आधारमा नियमित तथा आकस्मिक रुपमा **वजार अनुगमन** गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, अन्य सरकारी कार्यालय,उद्योगी व्यावसायी,सञ्चार माध्यम,उपभोक्ता | निरन्तर |



प्रमुख जिल्ला अधिकारी

| क.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा |
|---|---|---|---|---|
| | **शान्ति सुरक्षा तथा अपराध नियन्त्रण** | | | |
| २४ | Security Profile/Crime Mapping सहितको सुरक्षा रणनीतिक योजना अद्यावधिक गरी प्रभावकारी कार्यान्वयन गर्ने । | जिल्ला सुरक्षा समिति | जिल्ला प्रशासन कार्यालय, सबै सुरक्षा निकाय, स्थानीय तह, राजनीतिक दल, सबै सरकारी कार्यालय, सञ्चार माध्यम, आम नागरिक | २०७७ श्रावण मसान्तसम्म अद्यावधिक तथा निरन्तर कार्यान्वय |
| २५ | सामाजिक अपराध न्यूनीकरणका लागि स्थानीय तहको समन्वयमा विद्यालय मार्फत **School Outreach** कार्यक्रम सञ्चालन गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह , जिल्ला प्रहरी कार्यालय, शिक्षा विकास तथा समन्वय ईकाई, विद्यालय | २०७७ मंसीरबाट सुरु गरी निरन्तर कार्यान्वय |
| २६ | कारागारका कैदीवन्दीहरुबाट भएको **अपराधको कारण** पहिचानका लागि सर्वेक्षण तथा कैदीबन्दीहरुलाई सीपमुलक तालिम सञ्चालन गर्ने। | जिल्ला प्रशासन कार्यालय | कारागार कार्यालय, स्थानीय तह, सञ्चार माध्यम | २०७७ भाद्र मसान्त |
| २७ | राजमार्गमा हुने जुनसुकै अवरोधलाई तत्काल हटाई **निर्वाध रुपमा** यातायात सूचारु गर्ने । | जिल्ला प्रशासन कार्यालय, जिल्लास्थित सबै सुरक्षा निकायहरू | स्थानीय तह, यातायात व्यवसायी, निजीक्षेत्र, | निरन्तर |
| २८ | सडक, वजार क्षेत्रमा रहेका **CCTV** हरु मार्फत गतिविधिहरूको जिल्ला प्रहरी कार्यालय तथा जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्रबाट नियमित विश्लेषण गर्ने व्यवस्था मिलाउने । | जिल्ला प्रशासन कार्यालय | जिल्ला प्रहरी कार्यालय, स्थानीय तह, जिल्ला आपतकालीन सञ्चालन केन्द्र | निरन्तर |
| २९ | अन्तर जिल्ला सुरक्षा समन्वय बैठकमार्फत जिल्लाका गतिविधिहरूको आदानप्रदान गर्ने । | जिल्ला सुरक्षा समिति | छिमेकी जिल्लाका जिल्ला सुरक्षा समिति, जिल्ला प्रशासन कार्यालय | निरन्नतर |
| ३० | **रुग्ण विकास आयोजनाहरु**को विवरण अद्यावधिक गरी तत्काल कार्य सूचारु गर्ने वातावरण सिर्जना गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, सम्बन्धित कार्यालय र आयोजना, सुरक्षा निकाय | २०७७ भाद्र महिनाबाट निरन्तर |
| ३१ | **कारागारको भौतिक व्यवस्थापनलाई** मानवोचित वनाउन भवन, व्यारेक निर्माणका लागि नेपाल सरकार, प्रदेश सरकारसंग समन्वय गर्ने। | जिल्ला प्रशासन कार्यालय | कारागार कार्यालय | निरन्तर |
| ३२ | गैरसरकारी संस्थाहरूको विस्तृत **प्रोफाईल** तयार गर्ने । | जिल्ला प्रशासन कार्यालय | गैरसरकारी संस्था महासंघ | २०७७ मंसिर मसान्त |
| ३३ | अर्धन्यायिक निकायमा कार्यरत कर्मचारीहरुलाई कानून तथा न्यायसम्वन्धी | जिल्ला प्रशासन | उच्च/जिल्ला अदालत, | २०७७ श्रावण मसान्त |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा |
| --- | --- | --- | --- | --- |
| | तालिम प्रदान गर्ने । | कार्यालय | उच्च/ जिल्ला सरकारी वकील कार्यालय तथा अर्धन्यायिक निकायहरु | |
| ३४ | लागू औषध नियन्त्रण सम्वन्धी जिल्ला स्तरीय योजना अद्यावधिक गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, सुरक्षा निकाय | २०७७ श्रावण मसान्त |
| | **विपद् व्यवस्थापन** | | | |
| ३५ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना(**Disaster Preparedness and Response Plan-DPRP**), कोभिड १९ पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा (**COVID Response Plan**) परिमार्जन तथा कार्यान्वयन गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट | स्थानीय तह/विपद् व्यवस्थापन समिति, सुरक्षा निकायहरू, विपद् व्यवस्थापन क्लष्टर, सरकारी तथा गैरसरकारी सरोकारवाला निकायहरू | २०७७ असोज मसान्त |
| ३६ | जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र (**District Emergency Operation Center- DEOC**) को क्षमता अभिवृद्धि तथा सुदृढीकरण गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला प्रशासन कार्यालय | जिल्ला स्थित सुरक्षा निकायहरू, स्थानीय तह, | ०७७/७८ दोस्रो चौमासिक |
| ३७ | विपद् जोखिमको पूर्वानुमानका आधारमा खोज तथा उद्दारका लागि आवश्यक सामाग्रीसहितको गोदामघरलाई व्यवस्थित गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति | स्थानीय तह, सुरक्षा निकायहरू | २०७७ पौष मसान्त |
| ३८ | **SMS/सामाजिक सञ्जाल** मार्फत विपद् घटनाहरूको वारेमा सम्वद्व व्यक्ति, निकायहरूलाई जानकारी गराउने । | जिल्ला विपद् व्यवस्थापन समिति | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, विपद् व्यवस्थापन क्लष्टर | निरन्तर |
| ३९ | विपद्को प्रकृति अनुसार **QRT** गठन गर्ने तथा परिचालनका लागि क्षमता विकास गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति | स्थानीय तह, सुरक्षा निकायहरू | २०७७ पौष मसान्त |
| ४० | सबै स्थानीय तहमा स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (**LEOC**) स्थापनाका लागि समन्वय र सहकार्य गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति | स्थानीय तह | २०७७ श्रावण मसान्तवा निरन्तर |
| ४१ | सबै सरकारी कार्यालयमा सेवाग्राहीले हातधुने व्यवस्था, सेनिटाईजर उपलब्ध हुने व्यवस्था मिलाउने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, सरकारी कार्यालयहरू, सञ्चार माध्यम, आम नागरिकहरु | २०७७ श्रावण १ गते वाट निरन्तर |

| क.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा |
|---|---|---|---|---|
| ४२ | भारतलगायत तेस्रो मुलुकबाट आउने व्यक्तिहरूको लागि कोभिड संक्रमण अवधिभर उत्तरगया गाउँपालिका अन्तर्गत बेत्रावतिमा Vehical Disinfection tunnel र स्वास्थ्य चेकजाँचको व्यवस्थालाई निरन्तरता दिने । | जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट | स्थानीय तह, सुरक्षा निकायहरू, स्वास्थ्य कार्यालय | २०७७ श्रावण दोस्रो हप्ता |
| ४३ | COVID-19 को सम्भावित संक्रमण नियन्त्रण गर्नका लागि **स्वास्थ्य परीक्षणको** दायरा वढाउदै लैजाने । | जिल्ला संकट व्यवस्थापन केन्द्र जिल्ला कमाण्ड पोष्ट | स्वास्थ्य कार्यालय, स्थानीय तह, सुरक्षा निकायहरू, तथा प्रयोगशालाहरू | निरन्तर |
| | **विविध** | | | |
| ४४ | श्रीमान् गृह सचिवज्यू र प्रमुख जिल्ला अधिकारी बीच भएको **कार्यसम्पादन सम्झौतामा** उल्लेख भए अनुसारका क्रियाकलापहरुको कार्यान्वयन गर्ने । | जिल्ला प्रशासन कार्यालय | गृह मन्त्रालय, जिल्लास्थित सुरक्षा निकायहरू | निरन्तर |

**नोटः-** स्थानीय प्रशासन ऐन, २०२८, सुशासन(व्यवस्थापन तथा संचालन) ऐन, २०६४ र नियमावली, २०६५ तथा विभिन्न विषयगत ऐन, कानून अनुसार जिल्लाका सबै सरकारी तथा सार्वजानिक निकायहरुमा सुशासन कायम गर्ने गराउने क्षेत्राधिकार जिल्ला प्रशासन कार्यालयमा रहेको सन्दर्भमा यस कार्ययोजनामा जिल्ला प्रशासन कार्यालयले आफ्नो कार्यालय सुधारका लागि गर्नुपर्ने क्रियाकलापहरुका अतिरिक्त अन्य सरकारी तथा सार्वजानिक निकायहरु मार्फत सम्पादन गर्नेगरी समेत केही क्रियाकलापहरु समावेश गरिएको छ । यसका आधारमा सबै सरकारी निकायहरुले आ-आफ्नो कार्यालयको वार्षिक कार्य योजना तर्जुमा गर्नेछन् ।

हरि प्रसाद पन्त
प्रमुख जिल्ला अधिकारी